STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093, 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

सुनिश्चित महिला तथा बालअधिकार सु-सम्पन्न नेपालको आधार
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❑ वर्ष २२ ❑ अङ्क १९१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ साउन ९ गते शनिबार ❑ 24 July 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## गण्डकीमा मन्त्रिमण्डल विस्तार

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ साउन**



गण्डकी प्रदेशमा मन्त्रिमण्डल विस्तार गरिएको छ । मुख्यमन्त्री कृष्णचन्द्र नेपालीले शुक्रबार छ प्रदेशसभा सदस्यलाई मन्त्रीमा नियुक्त गरेका हुन् ।

थपिने मन्त्रीमध्ये नेपाली कांग्रेसका तर्फबाट मणिभद्र शर्मा कँडेलले पर्यटन, वाणिज्य तथा आपूर्ति, विन्दुकुमार थापाले कानून, सञ्चार तथा प्रदेशसभा मामिला र मेखलाल श्रेष्ठले शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयको जिम्मेवारी पाएका छन् ।

त्यस्तै नेकपा (माओवादी केन्द)का रामजी बरालले अर्थ, दीपक थापाले वन, वातावरण तथा भूसंरक्षण र चन्द्रबहादुर बुढाले भूमि व्यवस्था, कृषि, सहकारी तथा गरीबी निवारण मन्त्रालयको जिम्मेवारी पाएका छन् । नवनियुक्त मन्त्रीलाई शुक्रबार नै प्रदेश प्रमुख सीताकुमारी पौडेलले मुख्यमन्त्री नेपालीका उपस्थितिमा पद तथा गोपनीयताको शपथ गाइन । शपथ ग्रहण समारोहमा सभामुख नेत्रनाथ अधिकारी, प्रदेश प्रमुखको कार्यालयका सचिव हरिप्रसाद बास्तोला, सुरक्षा निकायका उच्चपदस्थ अधिकारी, प्रदेश सरकारका सचिवलगायतको उपस्थिति थियो ।

यसअघि मुख्यमन्त्री पोखरेलले कांग्रेसका कुमार खड्का, जनता समाजवादी पार्टी नेपालका हरिशरण आचार्य, माओवादीकी मधुमाया अधिकारी र स्वतन्त्र प्रदेशसभा सदस्य राजीव गुरुङलाई मन्त्री पदमा नियुक्त गरेका थिए । खड्का भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था, आचार्य ऊर्जा, जलस्रोत र खानेपानी मन्त्रालय, अधिकारी स्वास्थ्य तथा जनसङ्ख्या र गुरुङ युवा तथा खेलकूदमन्त्रीको जिम्मेवारीमा रहेका छन् ।

## अर्थमन्त्री बरालद्धारा अग्रपंतिमा खटिने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र सफाईकर्मीलाई प्रोत्साहन स्वरुप एक करोड बजेट विनियोजन

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ साउन**



गण्डकी प्रदेशका अर्थमन्त्री रामजी प्रसाद बराल जीवनले कोभिड १९ (कोरोना) संग सामाना गर्न अग्र पंतिमा खटिन स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र सफाईकर्मीको प्रोत्साहन स्वरुप एक करोड विनियोजन गरेका छन् ।

विश्वव्यापी रुपमा फैलिएको कोरोनाको प्रभाव अझै पनि गण्डकी प्रदेश तथा नेपालमा पनि रहेकोले त्यसको बिरुद्ध अहोरात्र खटिने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र सफाईकर्मीको प्रोत्साहन स्वरुप एक करोड रुपैया विनियोजन गरिएको मन्त्री बरालले शुक्रबार अर्थ मन्त्रालयको कार्यभार सम्हालेसंगै उक्त निर्णय गरेका हुन् ।

शुक्रबार सपथ ग्रहण लिएका उनले अर्थ मन्त्रालयका कर्मचारीलाई समेत केही निर्देशन दिएका छन्। खुवि, क्षमता, दक्षता र सृजनशिलता आवश्यकता अनुरुप कान्वयन गर्न आग्रह गर्दै मन्त्री बरालले समयमै काम सम्पन्न गर्ने दाहित्व सवैले वहन गर्नुपर्ने उनको जोड थियो । विना हिचकिचावट ढुंक भयर आवश्यकताको आधारमा योजना कान्वयन गर्न कुनै प्रकारको कठिनाई र हस्तक्षेप नहुने मन्त्री बरालले बताए । उनले गण्डकी प्रदेशको आर्थिक विकास र समृद्धि गर्न संघको बजेट मात्र विनियोजन गरेर चलायर मात्र नहुने बताए । प्रदेशलाई क्रमशः आत्मनिर्भर बनाउनको निम्ति श्रोतहरु के के हुन त्यसको पहिचान गर्नु पर्ने मन्त्री बरालको भनाई रहेको छ । अर्थका श्रोतहरु ध्यान केन्द्रित गर्ने गरी पुंजिगत खर्चलाई अधिकतम ढंगले परिचालन गर्ने आफ्नो योजना रहेको मन्त्री बरालको भनाई छ । पुंजिगत खर्च गर्न नसकेको अबस्थामा आवश्यकताको आधारमा रकमान्तर गरेर भए पनि बजेट खर्च गर्ने उनको भनाई छ। अर्थ मन्त्रालयका सचिव रमेश केसीले आफ्नो मन्त्रालयमा ४७ जनाको कर्मचारी दरवन्दी भए पनि हाल २८ जना मात्र भएको बताए । अहिलेको अबस्थामा ३६ जना कर्मचारी भए पनि हुने गरी कर्मचारी व्याबस्थापनको लागि मुख्यमन्त्री कार्यालयसम्म माग गरिएको मन्त्री समक्ष जानकारी गराएका थिए । मन्त्री बरालले सपथ लियसंगै सिधै शहिद पार्कमा पुगेर महान शहिदहरु प्रति स्मरण गर्दै शहिदहरुको तष्विरमा माल्यारोपण समेत गरेका थिए। पोखराको छोरोपाटनमा बसेका आफ्ना ९२ बर्षीय साना बाबा श्यामलाल बराल समक्ष मन्त्री बरालले आर्शिरवाद समेत लिएका छन्। आफ्नो कुलमा मन्त्री भएकोमा बधाई समेत दिदै प्रदेश बासीको र ज्येष्ठ नागरिकहरुको भलाइको लागि काम गर्न बाबा श्यामलालले आग्रह समेत गरे ।

## नयाँ सरकारले भूमि सम्बन्धी समस्या समाधान आयोग खारेज गर्न लागेकोमा भूमि अधिकारकर्मी चिन्तित

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ साउन**



नेपाली काँग्रेसको नेतृत्वमा वनेको नयाँ सरकारले भूमि सम्बन्धि समस्या समाधान आयोग खारेज गर्न लागेको भन्ने समाचारले चिन्तित बनाएको भन्दै भूमि अधिकारको लागि लड्ने राष्ट्रिय भूमिअधिकार मञ्च नेपाल कास्की जिल्ला कार्यसमितिले शुक्रबार जिल्ला प्रशासन कार्यालय कास्की मार्फत प्रधानमन्त्री कार्यालयलाई पत्र पठाएको छ।

मञ्चका अध्यक्ष प्रेमबहादुर गुरुङको नेतृत्वमा केन्द्रिय सदस्य आसबहादुर गुरुङ र कन्या गुरुङ, गण्डकी प्रदेश सदस्य धनकुमारी गुरुङ, कास्की जिल्ला समिति सदस्यहरु, पोखरा नगरसमितिका अध्यक्ष लेखमाया थापालगाएत गाउँ तथा टोल मञ्चका प्रतिनिधिहरुको एक टोलीले सहायक प्रमुख जिल्ला अधिकारी अनिल कुमार शाहीलाई अनुरोध पत्र प्रदान गरेको हो ।

सहायक प्रजिअ शाहिले पत्र बुझ्दै भूमि अधिकार कर्मीहरुको मागका विषयमा सबै पक्ष जानकार भएको वताउँदै उक्त पत्र प्रधानमन्त्री कार्यालयमा सकेसम्म छिटो पठाउने बताए ।

सो अवसरमा राष्ट्रिय भूमि अधिकार मञ्च नेपाल, भूमि अधिकारबाट बञ्चितहरुको संगठन भएको, मञ्चले नागरिकको सुरक्षित आवास, गुणस्तरीय जिविका र सम्मानपूर्वक जिउने अधिकारका लागि भूमिमाथीको स्वामित्व र पहुँच सुनिश्चित हुनु पर्ने विषयमा वकालत र अभियान गरिरहेको अध्यक्ष प्रेम बहादुर गुरुङले वताएका थिए ।

मञ्चले २०६२/६३ को जनआन्दोलन देखि संबिधान निर्माण प्रक्रियासम्म जनपक्षीय अभियान/आन्दोलनहरुमा सकारात्मक भूमिका निर्वाह गर्दै, भूमि समस्या समाधानका लागि स्थानीय तहसम्म संरचना भएको अधिकार सम्पन्न आयोगको माग गर्दै २०६५ मा गठित उच्चस्तरीय बैज्ञानिक भूमिसुधार आयोग र २०६६ मा गठित वैज्ञानिक भूमिसुधार सम्बन्धि उच्चस्तरीय आयोगमा सदस्यको जिम्मेवारीमा रही काम गरेको पनि गुरुङ वताउनु भएको थियो । भूमिहीन दलितलाई कानून बमोजिम एक पटक जग्गा उपलब्ध गराउने संबैधानिक ब्यवस्था, भूमि सम्बन्धि ऐन २०२१ को आठौं सशोधन र भूमि सम्बन्धी नियमहरु (अठारौं संशोधन)मा भएका ब्यवस्था अनुरुप काम गर्न २०७७ बैशाखमा गठन भएको भूमि सम्बन्धि समस्या समाधान आयोगलाई मञ्चले महत्वपूर्ण अवसरको रुपमा लिई स्थानीय तह मार्फत हुने गतिबिधिमा सहयोग र समन्वय गर्दै आएको थियो। पुस्तौंदेखि कास्की जिल्लामा करिब ३० हजार घरपरिवार भूमि समस्या भोगीरहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र भोगचलनमा रहेको जग्गालाई आफ्नो भन्न नपाएका अब्यवस्थित बसोवासीहरुको आशा अपेक्षा निराशामा बदलिएको, स्थानीय तह मार्फत लगत संकलनदेखि जग्गा नापजाँचका काम समेत भईरहेको अवस्थामा आयोग खारेज गरेमा देशभरका १७ लाख भूमि अधिकारबाट बञ्चितहरुप्रति सरकारले बिभेद गरेको महसुस हुने वताएका छन् ।

देशभर लगत संकलनको कार्य अन्तिम अवस्थामा पुगेको र नापनक्शा कार्य भई कामले गती लिईरहेको अवस्थामा सो कार्यले निरन्तरता पाउने सुनिश्चितता नगरी आयोग विघटन गर्नु उचित नहुने ब्यहोरा अवगत गराउँदै हाल भईरहेको कामलाई असर नपर्नेगरी निर्णय लिनुहुनेछ भन्ने बिश्वासका साथ यो बिशेष अनुरोध पेश गरिएको सो अनुरोध पत्रमा उल्लेख गरिएको छ।

## जसपाका अध्यक्ष ठाकुरद्धारा सर्वोच्चमा रिट

**रासस**
**काठमाडौं, ८ साउन**

जनता समाजवादी पार्टी नेपाल (जसपा)का अध्यक्ष महन्थ ठाकुरले पार्टी विभाजन र आधिकारिकताको निर्णय रोक्ने आदेशको माग गर्दै सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेका छन् ।

बिहीबार निर्वाचन आयोगले यही साउन ११ गते कार्यकारिणी समिति सदस्यलाई बोलाउने आदेश सुनाएपछि शुक्रबार अध्यक्ष ठाकुरले उक्त रिट निवेदन दायर गरेका हुन् । निर्वाचन आयोगले आधिकारिकताको विवादमा जसपाका कार्यकारिणी समिति सदस्यलाई परिचयपत्रको सक्कलप्रतिसहित उपस्थित हुन आदेश गरेको थियो । जसपामा भएका दुई अध्यक्ष उपेन्द्र यादव र ठाकुरमध्ये कार्यकारिणी समितिमा यादवको बहुमत देखिएको र अध्यक्ष ठाकुर पक्षको दाबी नै नपुग्ने देखिएपछि आफ्नो पार्टीको विभाजन र आधिकारिकताको निर्णय तत्काल रोक्न आदेशका माग गरिएको छ । रिट निवेदनमा आफूले कारबाही गरेपछि संशोधन गरेको कार्यकारिणी समितिलाई मान्यता दिनुपर्नेमा आयोगले हकदैया नै नभएको विषयवस्तुमा प्रवेश गरेको उल्लेख छ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद,
पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी
कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

## पोखरा-नेपालगञ्ज सिधा उडान

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ साउन**

निजी क्षेत्रको अग्रणी वायुसेवा प्रदायक कम्पनी बुद्ध एयरले पोखरादेखि नेपालगञ्ज सिधा उडान सञ्चालन गर्ने भएको छ।

काठमाडौं केन्द्रित उडानलाई प्रदेशबाट पनि विस्तार गरिरहेको कम्पनीले आगामी साउन १७ गतेदेखि पोखराबाट नेपालगञ्जको सिधा उडान भर्न लागेको हो । शुरुआतमा साताको तीन दिन अर्थात् आइतबार, बुधबार र शुक्रबार उडान भर्नेछ । केही समयपछि यात्रुको मागअनुसार बुद्ध एयरले दैनिक उडान भर्ने योजना बनाएको छ। पर्यटकीय क्षेत्र पोखराबाट नेपालगञ्ज उडानले दुबै शहरका जनता लभान्वित हुनुका साथै पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने बुद्ध एयरका बजार निर्देशक रुपेश जोशीले बताउनुभयो। उनका अनुसार नेपालगञ्जबाट केही घण्टाको दूरीमा रहेको बर्दिया राष्ट्रिय निकुञ्ज तथा कर्णाली चिसापानीतर्फ पनि पर्यटकीय गतिविधि बढ्ने विश्वास छ।

नेपालगञ्जका बासिन्दा पनि पर्यटकीय शहर पोखरा आसपासका रहेका तालतलाउ तथा हिमाल श्रृखलाको आनन्द लिन सक्छन् । यस उडानबाट नेपालगञ्ज नजिक रहेका भारतीय शहर लखनउ, कानपुर आदि गन्तव्यका पर्यटक पनि आकर्षित हुने बुद्ध एयरले विज्ञप्तिमा जनाएको छ । बुद्ध एयरको भगिनी संस्था बुद्ध होलिडेजले यी दुवै गन्तव्यका लागि आकर्षक होलिडे प्याकेज सञ्चालन गर्नेछ । कोभिड-१९ महामारीको सन्दर्भमा बुद्ध एयरले सङ्क्रमणरहित उडानका लागि 'कोभिडविरुद्ध सुरक्षा निर्देशिका', जनशक्तिलाई अभिमुखिकरण, पिपिई प्रदान, बीमा र त्यसै अनुरुपको हवाइसेवा सञ्चालन गरिरहेको जनाएको छ । पछिल्ला दिनमा हवाई यात्रुको संख्या पनि क्रमशः बढिरहेको कम्पनीले जनाएको छ। बुद्ध एयरसँग एटीआर-७२ जहाज १० थान, एटीआर-४२ जहाज तीन थान र दुई थान बीचक्राफ्ट जहाज रहेका छन् ।

## दुई हजार १७७ संक्रमित थपिए

**रासस**
**काठमाडौं, ८ साउन**

पछिल्लो २४ घण्टामा देशभर दुई हजार ९७७ सङ्क्रमित थपिएका छन् भने एक हजार ६७८ जना सङ्क्रमणमुक्त भएका छन् ।

जम्मा १३ हजार ६९८ लाई पिसिआर र तीन हजार ६१० को एन्टिजिन विधिबाट गरी जम्मा १७ हजार ३०८ जनामा भएको परीक्षणमा सो सङ्क्रमण देखिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ। पछिल्लो

बाँकी अन्तिम पृष्ठमा ▶▶

# हेमजा साहित्य प्रतिष्ठान नेपालको २३ औ स्थापना दिवश

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ साउन**

हेमजा साहित्य प्रतिष्ठान नेपालले एक कर्यक्रमका बिच आफनो २३ औ स्थापना दिवश मनाएको छ । स्थपना दिवशको अबसरमा शुभप्रभात काब्यमालाको २१५ औँ श्रृंखला सम्पन्न गरेको छ।

कार्यक्रममा महाकाब्यकार तथा हेमजा साहित्य प्रतिष्ठान नेपालका सस्थापक अध्यक्ष जनार्दनशरण त्रिपाठी, सस्थापक सचिब कोबिदशरण उपाध्याय, निबर्तमान अध्यक्ष कृष्णप्रसाद पौडेल, पुर्व उपाध्यक्ष मादबशरण बाँस्तोला, सल्लाहारकार बसन्त बाँस्तोला र सल्लाहाकार प्रकाशचन्द्र सापकोटाले आफनो भनाइ राखेका थिए।




कार्यक्रममा निबर्तमान अध्यक्ष कृष्णप्रसाद पौडेल, पुर्व उपाध्यक्ष मादबशरण बाँस्तोला, सल्लाहारकार बसन्त बाँस्तोला, सहचिब शिब त्रिपाठी, सहकोषाध्यक्ष रिता कार्की कुवँर र आरती अधिकारीले आफ्नो रचना प्रस्तुत गरेका थिए । प्रतिष्ठानका अध्यक्ष छन्दमणी त्रिपाठीको अध्यक्षतामा भएको कार्यक्रममा स्वगत उपाध्यक्ष बलराम पौडेलले र सञ्चालन सचिब सुनिल गायकले गरेका थिए।

# वालिङका किसानलाई भैँसी वितरण

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, ८ साउन**

स्याङ्जाको वालिङ नगरपालिकाले यहाँका कृषकलाई भैँसी वितरण गरेको छ।

नगरभित्रका वडा नं ९, १३ र १४ का ३३ कृषकलाई व्यावसायिक दूध उत्पादन प्रवर्द्धन गर्नका लागि नगरपालिकाले लागत साझेदारीमा भैँसी प्रवर्द्धन कार्यक्रमअन्तर्गत ६२ भैँसी वितरण गरेको हो । उक्त कार्यक्रमका लागि पशु सेवा शाखाको आर्थिक वर्ष २०७७/०७८ को वार्षिक स्वीकृत कार्यक्रम लागत साझेदारीअन्तर्गत रु २६ लाख ४५ हजार र कृषकको ५० प्रतिशत लागत साझेदारीमा करिब रु ५३ लाख लागेको हो।

भैँसीपालनका लागि सम्भावित ठाउँ तथा कृषकको मागका आधारमा तीन वडा छनोट गरी माउ भैँसी वितरण गरिएको नगर प्रमुख दिलीपप्रताप खाँणले बताउनुभयो। परम्परागतरुपमा भैँसीपालन गर्दै आउनुभएका कृषकलाई आधुनिक तरिकाले उन्नत जातका भैँसीपालनतर्फ आकर्षित गरी वालिङलाई दूधमा आत्मनिर्भर बनाउने उद्देश्यले भैँसी प्रवर्द्धन कार्यक्रम राखिएको उहाँले बताउनुभयो । "परम्परागतरुपमा भैँसीपालन गर्दा फाइदा नहुने भएकाले व्यावसायिकतामा जोड दिँदै कृषकको आर्थिकस्तर सुधार्न यो कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिएको छु", उहाँले भन्नुभयो, "पशुपालनमा व्यावसायिकता हुँदै गर्दा दूधमा आत्मनिर्भर हुने र कृषकमा थप व्यावसायिकतातर्फ ऊर्जा तथा उत्प्रेरणा थपिनेछ।"

नगरपालिकाले माग गरेको आवेदनका आधारमा कृषकले ५० प्रतिशत लागत साझेदारीमा उन्नत मुर्रा क्रस जातका भैँसी खरिद गरेको पशु शाखाका प्रमुख डा वसन्तकुमार अधिकारीले बताउनुभयो। हाल तीन वडामा सञ्चालन भएको भैँसी प्रवर्द्धन कार्यक्रमअन्तर्गत केही कृषकले दुई र केही कृषकले एउटाका दरले भैँसी खरिद गरेका डा अधिकारीले जानकारी दिनुभयो।

परम्परागत तरिकाले निर्वाहमुखीभन्दा पनि कृषकलाई व्यावसायिकतामा जोड दिन नगरपालिकाले नीति तथा कार्यक्रममा नै कृषिलाई प्राथमिकतामा राखेकाले सोहीअनुसार कार्य अगाडि बढाएको हो । "कृषकको मागका आधारमा अनुदान, लागत साझेदारीमा विभिन्न सहयोग उपलब्ध गराउँदै आएका छौँ", डा अधिकारीले भन्नुभयो, "यसका अलावा समयानुसार तालिम, प्राविधिक सहयोग, घाँस तथा अत्याधुनिक औजार तथा उपकरण सहयोग गरिएको छ।"

# सबै क्षेत्र खुकुलो बनाउँदै निषेधाज्ञा थप

**पोखरापत्र संवाददाता**
**दमौली, ८ साउन**

सबै क्षेत्र खुकुलो बनाउँदै तनहुँमा साउन २० गतेसम्म निषेधाज्ञा थप गरिएको छ । जिल्ला सङ्कट व्यवस्थापन केन्द्रको आज बसेको बैठकले नवौ पटक निषेधाज्ञा थप गर्दै साउन २० गतेसम्म लम्ब्याएको हो। पछिल्लो पटक थपिएको निषेधाज्ञा साउन १० गतेसम्म कायम छ।

छिमेकी जिल्लामा डेल्टा भेरियन्टको सङ्क्रमण देखिएको र तनहुँमा पनि जोखिम कायमै रहेकाले निषेधाज्ञा लम्ब्याउने निर्णय भएको सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले जानकारी दिए। निषेधाज्ञा थपिए पनि सबै क्षेत्र खुकुलो बनाइएको छ । यसअघि बिहान ०९ बजेदेखि ३ बजेसम्म खुल्दै आएका सबै सेवा र व्यवसाय बिहान ०५ बजेदेखि साँझ ४ बजेसम्म खोल्ने निर्णय भएको छ। साथै लामो तथा मध्यमदूरीमा सञ्चालन हुने सार्वजनिक सवारी साधन बिहान ०६ बजेदेखि साँझ ६ बजेसम्म सञ्चालन गर्न पाउने निर्णय बैठकले गरेको छ।

स्वास्थ्य र सुरक्षाका मापदण्ड पूरा गरेर रेष्टुरेन्ट तथा खाजाघर बिहान ०५ बजेदेखि दिउँसो ४ बजेसम्म सञ्चालन गर्न पाउने र स्वास्थ्य र सुरक्षाको पर्याप्त प्रबन्ध गरेर होटलमा ५० प्रतिशत क्षमतासम्म पाहुना राख्न दिने निर्णयसमेत भएको बरालले बताउनुभयो।

यस्तै कोरोना कहरले रोकिएका सबै परीक्षा सञ्चालन गर्न दिने निर्णय भएको छ। परीक्षा सञ्चालन गर्दा कम्तीमा दुई मिटरको दूरी कायम गरी 'जेड' आकारमा परीक्षार्थी राख्ने गरी सिट व्यवस्थापन गर्नुपर्ने छ। परीक्षा केन्द्रमा परीक्षा सञ्चालन समयभन्दा एक घण्टा ३० मिनेट अगाडि प्रवेश शुरु गराई लाइनमा हुनसक्ने भीड न्यूनीकरण गर्ने निर्णयसमेत बैठकले गरेको छ।

कोभिड सङ्क्रमित परीक्षार्थीको सहजताका लागि प्रत्येक परीक्षार्थीलाई पहिलो दिनको परीक्षा शुरु हुन बिरामी सिआइसिटी परीक्षा फारम भर्न लगाई सङ्क्रमित फारम समितिलाई उपलब्ध गराउनुपर्नेछ। कोभिड-१९ सङ्क्रमित परीक्षार्थीको हकमा अरु सामान्य परीक्षार्थीको परीक्षा शुरु भएको ३० मिनेट पछि मात्र प्रवेश गराई अरुको परीक्षा सकिएको ३० मिनेटपछि परीक्षाबाट निस्कने व्यवस्था मिलाउने निर्णय भएको बरालले बताए । 'त्यस्ता परीक्षार्थीलाई बेग्लै कोठा तथा बेग्लै शौचालयको व्यवस्थापन गर्ने र सङ्क्रमित परीक्षार्थीले प्रयोग गरेको सामग्री स्वास्थ्य कार्यालयको समन्वयमा सावधानीका साथ सङ्कलनको व्यवस्था मिलाउनेछ,' उनले भने।

# 'सिङ्गो कम्युनिष्ट पार्टी बनाऔँ'

**रासस**
**काठमाडौँ, ८ साउन**

नेपालका कम्युनिष्ट पार्टीका शीर्ष नेताले मुलुक सिङ्गो कम्युनिष्ट पार्टी बनाउनुपर्नेमा जोड दिनुभएको छ।

त्रिचालिसौँ पुष्पलाल स्मृति दिवसका अवसमा पुष्पलाल मित्रता केन्द्रको आयोजनामा आज यहाँ आयोजित 'नेपाली कम्युनिष्ट आन्दोलनको वर्तमान सङ्कट र आगामी बाटो' कार्यक्रमका सहभागीले छरिएर रहेका कम्युनिष्ट पार्टीबीच एकता हुनुपर्नेमा जोड दिनुभएको हो । नेकपा (एमाले)का वरिष्ठ नेता माधवकुमार नेपालले छरिएर रहेका सबै कम्युनिष्ट पार्टीलाई सिङ्गो कम्युनिष्ट पार्टीमा एकताबद्ध हुनुपर्ने आवश्यकता औल्याउनुभयो । उहाँले कम्युनिष्ट पार्टीबीच एकता भएमात्र कम्युनिष्ट आन्दोलनको रक्षा गर्न सकिने धारणा राख्नुभयो । "सिङ्गो कम्युनिष्ट पार्टीलाई एकताबद्ध बनाउन नसके पनि कार्यगत एकता गरौँ" उहाँले भन्नुभयो, "एकता नभए पनि जनता र राष्ट्रका साझा विषयमा एकताबद्ध भएर मिलेर जान सकिन्छ।"

पूर्व प्रधानमन्त्रीसमेत रहनु भएका नेता नेपालले लोकतन्त्र, सुशासन, विकास निर्माण, जनताका पीरमर्कामा सबै कम्युनिष्ट पार्टीबीच मिलेर जान सकिने अवस्था रहेको भनाइ राख्नुभयो । कार्यक्रममा नेकपा (माओवादी केन्द्र)का स्थायी कमिटी सदस्य गणेश साहले कम्युनिष्ट पार्टीबीच एकता गर्न नसके पनि कार्यगत एकता गर्नुपर्ने बताउनुभयो। उहाँले पुष्पलाल श्रेष्ठ हुँदा नेपालमा एउटै कम्युनिष्ट पार्टी भएको भन्दै साँचो अर्थमा पुष्पलाललाई आदर गर्ने हो भने एउटै कम्युनिष्ट पार्टी बनाउनुपर्ने बताउनुभयो । नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्यले विचार र सिद्धान्तभन्दा व्यक्तिगत कारणले कम्युनिष्टबीच बेमेल भएको बताउनुभयो । उहाँले अहिले छरिएर रहेका कम्युनिष्टबीच एकता गर्नसके पुष्पलाल प्रति सम्मान हुने उल्लेख गर्नुभयो। राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले नेपाली जनताले कम्युनिष्ट प्रति विश्वास गरे पनि कम्युनिष्टले त्यसलाई सही सदुपयोग गर्न नसकेको बताउनुभयो । उहाँले कम्युनिष्ट पटकपटक सरकारमा पुगे पनि जनताको अवस्था फेर्न नसकेको बताउनुभयो।कार्यक्रममा एमालेका उपाध्यक्ष अष्टलक्ष्मी शाक्यले कम्युनिष्ट आन्दोलनका कमीकमजोरीबारे छलफल गर्नुपर्ने बताउनुभयो । नेकपा संयुक्तका अध्यक्ष चन्द्रदेव जोशीले कम्युनिष्टभित्र रहेका समस्याबारे छलफल गरेर कम्युनिष्ट आन्दोलनलाई एकढिक्का बनाउन सकिने धारणा राख्नुभयो।




# पोखरा-ढाका सिधा हवाई उडानबारे छलफल

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ साउन**

पोखरा-ढाकासिधाहवाईउडान तयारीबारे छलफल भएको छ। नेपाल एसोसिएसन अफ टूर एण्ड ट्राभल्स एजेन्ट्स (नाट्टा) गण्डकीद्वारा आज पोखरामा आयोजित कार्यक्रममा विमान बङ्गलादेशका प्रतिनिधि र पोखराका पर्यटन व्यवसायीले सो विषयमा आवश्यक पहलबारे छलफल गरेका हुन्।

पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएलगत्तै बङ्गलादेशको राजधानी ढाका र पर्यटकीय सहर पोखरा जोड्न सिधा हवाई उडान प्रभावकारी हुने विमान बङ्गलादेशका कन्ट्री म्यानेजर असिसुर रहमानले बताउनुभयो । उहाँका अनुसार पोखराको मनोरम सुन्दरतामा बङ्गलादेशीहरू आकर्षित हुने गरेका छन् । हाल ढाका-काठमाडौँ दैनिक एक उडानमात्रै हुँदै आएको छ । पाँच करोड जनसङ्ख्या रहेको बङ्गलादेशका १० प्रतिशतमात्र पर्यटक नेपाल भित्र्याउन सकिए यहाँको पर्यटन प्रवर्द्धन हुनसक्ने पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराईले बताउनुभयो । विमान सञ्चालन गर्न नेपाल सरकारसँग आवश्यक पहल गरिने नाट्टा गण्डकीका अध्यक्ष सञ्जयकान्त सिग्देलले प्रतिबद्धता व्यक्त गर्नुभयो । पश्चिमाञ्चल होटल सङ्घका अध्यक्ष विकल तुलाचनले वर्षमा झण्डै ५० हजार हाराहारीमा बङ्गलादेशी नेपाल आउने गरेकामा २० हजार जति पोखरा घुम्ने बताउनुभयो।

पोखरा पर्यटन परिषद्का पूर्वअध्यक्ष गणेशबहादुर भट्टराईले कोरोनाले थलिएको पर्यटन क्षेत्रमा छिटोभन्दा छिटो खोप उपलब्ध गराएर चलायनमान बनाउनुपर्नेमा जोड दिनुभयो। नाट्टाका पूर्वअध्यक्ष वासु त्रिपाठीले पछिल्लो समय बङ्गलादेशीको आकर्षण पोखरामा बढ्दै गएको धारणा राख्नुभयो।

कार्यक्रममा परिषद्का उपाध्यक्ष पोमनारायण श्रेष्ठ, नाट्टाका उपाध्यक्ष हरिराज अधिकारी, नाट्टाका सचिव सङ्गीता पौडेल, टानका अध्यक्ष सुशीलराज पौडेल, विमान बङ्गलादेशका प्रतिनिधिलगायतले ढाका-पोखराबीचको पर्यटकीय साझेदारी सम्बन्धमा बोल्नुभएको थियो।

# दुई हजार...

२४ घण्टामा नै १८ जनाको कोभिडका कारण मृत्यु भएको छ। हाल मोरङ, सुनसरी, झापा, काठमाडौँ, भक्तपुर, ललितपुर, चितवन, नवलपरासी पूर्व, कास्की र रूपन्देही गरी देशभरका १० जिल्लामा सक्रिय सङ्क्रमित ५०० भन्दा बढी रहेका छन् । २४ जिल्लामा सक्रिय सङ्क्रमितको सङ्ख्या २०० भन्दा बढी रहेको छ । काठमाडौँ उपत्यकाका तीन जिल्ला मध्ये काठमाडौँमा पाँच हजार ७८२, ललितपुर एक हजार ११६ र भक्तपुरमा ९४७ सक्रिय सङ्क्रमित रहेका छन्। हालसम्म देशभरमा गरी ३५ लाख १७ हजार ८८९ जनाको पिसिआर र दुई लाख ८२ हजार १७९ को एन्टीजेन विधिबाट परीक्षण भएको छ। अहिलेसम्म पिसिआर विधिबाट भएको परीक्षणमा जम्मा पोजेटिभ छ लाख ७६ हजार ७०८ देखिएका छन् । हालसम्म सङ्क्रमितमध्ये छ लाख ३९ हजार ३६८ लाई निको भएको छ । सङ्क्रमितमध्ये निको हुने दर ९४ दशमलव पाँच प्रतिशत रहेको छ। हालसम्म नौ हजार ६७९ को मृत्यु भएको छ।


कोभिडविरुद्ध पहिलो मात्राको खोप लगाउनेको सङ्ख्या ३३ लाख ४९ ९५१ रहेको छ भने पूर्ण मात्राको खोप लगाउनेको सङ्ख्या १३ लाख १२ हजार १२ रहेको छ । सङ्क्रमितमध्ये पुरुष ६० दशमलव ३८ प्रतिशत र महिला ३९ दशमलव ६२ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।


# कपालको उपचार

## कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।


**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

# के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

सन्दर्भ सामग्री गुरुपूर्णिमा

# मानव जीवनमा गुरुको महिमा

✍ शिव प्रसाद गौतम

गुरु शब्द दुई अक्षर मिलेर बनेको छ । 'गु' को अर्थ अन्धकार हो भने 'रु' को अर्थ नास गर्ने हो । अन्धकार नास गर्ने व्यक्ति गुरु हुन् । मानव जीवनका नकारात्मक सोचको अन्त्य गरी सकारात्मक मार्ग देखाउने व्यक्ति गुरु हुन् । गुरुका अर्थ अनगिन्ती छन् । विद्या वा शिक्षा प्रदान गर्ने गुरु हुन् । शिक्षक, शिक्षिका, अध्यापक गुरु हुन् । गायत्री, वेदमन्त्र आदि दीक्षा दिने व्यक्ति आचार्य गुरु हुन् । बुद्धि, बल, उमेर, विद्या आदिमा श्रेष्ठ तथा आदरणीय वा पुज्य व्यक्ति मान्यजन, संगीत कला आदि सिकाउने व्यक्ति उस्ताद (संगिन नृत्य आदिका गुरु), अर्थात् मानव जीवनलाई सदमार्गमा पथ प्रदर्शन गर्ने व्यक्ति गुरु हुन् । गुरु पत्नी, अध्यापन गराउने महिला गुरु आमा, विद्यार्थीहरुलाई सिधा र आवासको निःशुल्क व्यवस्था गरी पठनपाठन आदि गराउने आश्रम गुरुको सेवा सुश्रुषा गरी विद्याको आर्जन तथा अध्यापन गर्नु पर्ने प्राचीन पद्धतिको विद्याकेन्द्र गुरुकुल हो । गुरुको घर गुरुको आश्रम गुरु गृह हो । राज खानदानका गुरु खलक, राजकुलका गुरु, गुरु परम्परालाई गुरु घराना भनिन्छ ।

गुरु - वन्दना
गुरुर्ब्रह्मा
गुरुर्विष्णुर्गुरुर्देवो महेश्वरः ।
गुरुः साक्षात् परब्रह्म तस्मै श्रीगुरवे नमः ॥

भावार्थ ः ब्रह्मा, विष्णु र देवाधिदेव महेश्वर शिव गुरु हुन् । साक्षात परब्रह्म गुरु हुन् । यस्ता श्री गुरुदेवलाई प्रणाम छ ।

आज २०७८ साल श्रावण ९ गते आषाढ शुक्ल पक्ष गुरुपूर्णिमा गुरुको विशेष रूपमा पूजा गरिने वा त्यस्तो पूजाको महात् म्य भएको आषाढ शुक्ल पूर्णिमाको दिन मात्र होइन व्यास पूर्णिमा पनि हो । व्यास पराशर ऋषिका पुत्र हुन् । वेद व्यास चार वेदका रचयिता हुन् । आर्यहरूका धर्म, संस्कृति, आध्यात्मिक ज्ञान आदेश मूल स्रोत मानिएका, सर्वप्राचीन र सर्वाधिक मान्य आर्य ग्रन्थ हुन् । ऋक, यजु, साम र अथर्व यी चार वेद प्रसिद्ध छन् । ऋग्वेद चार वेद मध्य पहिलो हो । यो छन्दमा लेखिएको पौराणिक पथ कृति हो । चार वेद मध्ये धार्मिक कार्यहरू गर्ने विधिको विस्तृत वर्णन गरिएको दोस्रो वेद यजुर्वेद हो । तेस्रो वेद सामवेद हो । यो मन्त्रहरुको संगालो हो । भगवान् को किर्तन गर्ने र भारफूक गर्ने मन्त्रहरुको संगालो सामवेद हो ।

चार वेदमध्ये मुख्य रूपमा शान्ति, अभिचार आदिका बारेमा वर्णन गरिएको एक वेद अथर्व वेद हो । यी सबै वेदहरु व्यास ऋषि गुरुबाट प्रतिपादित भएका हुन् । चार वेद अठाह पुराणका रचयिता ऋषिहरु हुन् । सात्विक र साधनारत जीवन व्यतित गर्ने तथा जीवन र जगत्का आध्यात्मिक र भौतिक तत्त्वहरुलाई साक्षात्कार गर्ने व्यक्ति, वैदिक मन्त्रका प्रथम श्रष्टा मानिएका व्यक्ति, वैदिक साहित्यको रचना र व्यवस्थित रूपमा सङ्कलन गर्ने व्यक्ति मुनि तपस्वी ऋषि हुन् । विद्यार्थीहरूलाई वेद वेदाङ्ग आदि पढाउने आश्रम ऋष आश्रम हुन् । प्रसिद्ध सात ऋषिहरु गौतम, भारद्वाज, विश्वामित्र, जमादग्नी वसिष्ठ, कश्यप र अग्नि, अथवा मरीचि, आदि अङ्गिरा, पुलह, ऋतु पुलस्त्य र वसिष्ठ सप्तर्षि हुन् ।

हिन्दु धर्ममा ४ वेद र १८ पुराण छन् । वेदका नाम माथि उल्लेख भइसकेका छन् । अठार पुराण यस प्रकार छन् :

१. मत्स्य २. मर्त्कण्डेय ३. भविष्य ४. भागवत ५. ब्रह्माण्ड ६. ब्रह्म वैवर्त ७. ब्रह्म ८. यामन ९. बराह १०. विष्णु ११. वायु (शिव) १२. अग्नि १३. नवरद १४. पद्म १५. लिंग १६. गरुड १७. कूर्म १८. स्कन्द । यी हुन १८ पुराणका नाम ।

गुरु विना ज्ञान प्राप्त हुँदैन । मानिसको पहिला गुरु उसलाई जन्म दिने पिता माता हुन् । पिता माताले सर्वप्रथम आफ्ना सन्तानलाई सामान्य ज्ञान दिनु हुन्छ । पिता माताबाट र आफ्ना सन्तानलाई विद्या हासिल गर्न गुरुको व्यवस्था हुन्छ । शिक्षण संस्थाबाट वा स्वाध्ययनबाट हासिल गरिने ज्ञान, पढाइद्वारा आर्जन गरिने बुद्धि विद्या हो । सामान्य शिक्षा घरबाट प्रारम्भ हुन्छ । आदि कवि भानुभक्तका गुरु उनकै हजुर वा श्रीकृष्ण आचार्य थिए । ज्ञान दिने सबै गुरु हुन् । सतमार्ग देखाउने सबै गुरु हुन् । जसले खराब मार्गमा जान प्रेरित गर्छ त्यो व्यक्ति शत्रु हो । गुरु र शिष्य आआफ्नो कर्तव्यनिष्ठ भए भने दुवैलाई राम्रो हुन्छ । शिष्यले गुरुलाई उचित आदर सत्कार गर्नुपर्छ । गुरुले पनि कपट भावना नराखी आफूले जानेको ज्ञान शिष्यलाई दिनुपर्छ ।

पहिले र अहिलेमा शिष्यले गुरुलाई मान्ने कुरामा नकारात्मक रूपमा व्यापक परिवर्तन आएको छ । पहिले चेलाहरु गुरु प्रति श्रद्धा भक्ति राख्दथे । परन्तु आजका शिष्यहरु गुरुप्रति त्यति श्रद्धा भक्ति राख्दैनन् । गुरुहरुले पनि छलकपट नगरी शिक्षा दिनुपर्छ तर यस्तो व्यवहार गरेको पाइँदैन । पहिले गुरुले पढाउँथे विद्यार्थीहरू पढ्थे । अहिले विद्यार्थी पढ्दैनन् गुरुहरु पढेर पढाउँछन् । पहिले विद्यार्थीहरू गुरु भक्त थिए । शिक्षा पनि निःशुल्क शुल्क भए पनि सस्तो थियो । अहिले शिक्षा यति महंगो छ भनेर साध्य छैन । सरकारले निजी विद्यालय खोल्ने अनुमति दिएर ठूलो गल्ती गरेको छ । निजी विद्यालयका गुरुहरुले सरकारी विद्यालयमा भन्दा कम पारिश्रमिक पाउँछन् । विद्यार्थीसँग महंगो शुल्क उठाउँछन् । यही कारणले निजी विद्यालयहरु धनी भएका छन् । यसमा सरकारले नियन्त्रण गरको छैन । निजी विद्यालयमा अङ्ग्रेजी शिक्षालाई बढी प्राथमिकता दिइन्छ । नेपाली विषयलाई ध्यान दिइँदैन । पहिले विद्यालयहरुमा नैतिक शिक्षा दिइन्थ्यो । शिक्षामा नैतिक गुण वा भावना थियो अहिले परम्परागत धर्म, नियमको परिधिबाट बाहिर गएको अवस्था छ । विद्यार्थीले गुरुप्रति गर्ने व्यवहारमा अनुशासन पाइँदैन । गुरुहरुले पनि कक्षाकोठामा पढाउँदा सखल्ल नपढाइ आफ्नो घरमा आएर अतिरिक्त शुल्क तिरेर पढ्न भन्ने भावना राखेर व्यवहारमा कार्यान्वयन गरेका छन् । विद्यालयको शुल्क र ट्युसन शुल्कले अभिभावकको ढाड नै सेकिएको छ । च्याउ झैं उम्रेका निजी विद्यालय संचालक रातारात धनी भएका छन् भने समाजमा शिक्षाको स्तर भन् भन् गिर्दो छ ।

सरकारले २०२८ सालमा विद्यालय र २०३० मा विश्वविद्यालयहरुमा नयाँ शिक्षा लागू गरेपछि नेपालमा शिक्षाको स्तर बढ्नु पर्नेमा गिर्दो अवस्थामा छ । अहिले गुरु र चेलासँग कुनै सम्बन्ध भएको पाइँदैन । गुरुको काम पढाउने हो कक्षाकोठामा पुगेर पढायो हिँड्यो सकियो । गुरुको पढाउने हो पढायो सकियो । चेलाको काम मनलाए कक्षाकोठामा बसेर गुरुले पढाएको मन लाए बसेर सुन्ने हो नलागे कक्षामा नबस्ने हो । गुरुले दिन मै ९-१० ओटा क्याम्पस, विद्यालयका क्लास लिन भ्याउँछन् । कसैलाई भ्याइ नभ्याइ छ । कसैलाई केही पनि छैन । वर्तमानमा हाम्रा शैक्षिक संस्थाहरु यसरी नै चलेका छन् । विद्यार्थीले पाउनु पर्ने सुविधा पाउँदैनन् । शैक्षिक संस्थाले आफ्नो शुल्क छोड्दैनन् । पहिले पहिले एउटा विद्यालयमा एक पटक भर्ना भएपछि सधैँका लागि पुग्छो तर अहिले कक्षा चढ्ने बित्तिकै भर्ना शुल्क लिइन्छ । नयाँ आउने विद्यार्थीलाई भर्ना शुल्क लिनु जायज नै हो तर पुराना कक्षा चढेका विद्यार्थीबाट भर्ना शुल्क लिनु नाजायज मात्र होइन सोह्रै आना नाजायज हो ।

अभिभावकले आफ्ना सन्तानलाई शिक्षित बनाउन सकिनसकी चल अचल सम्पत्ति लगानी गरेर पढाउँछन् । पढाइ सकेपछि रोजगारी पाउँदैनन् । रोजगारीको लागि विदेश जान्छन् । हाम्रो देशमा शिक्षामा लगानी बालुवामा पानी भएको छ । यस्तो हुनु गुरुको अपमान सरकारको शिक्षामा उपेक्षा हो ।

जनता अशिक्षित भए भने देशको विकास हुँदैन । जनतालाई शिक्षा दिन असल गुरुको आवश्यकता पर्दछ । गुरुको मन्त्र, सधैँको जन्त । गुरु गुना चेला चिनी । गुरु भएपछि शिष्यको केही दुःख हुँदैन । गुरु हुन सजिलो



चेला हुन गाह्रो छ । गुरु हुन प्रायः जान्दछन्, चेलो हुन कोही जान्दैनन् । गायत्री मन्त्र सुनाउनेलाई गुरु भनेर सम्मान गर्ने र विद्यालय महाविद्यालयमा पढाउने लाई अँग्रेजीमा सर भन्ने प्रचलन छ । आजकल गुरुले चेलाहरुबाट जति सम्मान पाउनु पर्ने हो त्यति पाएको अवस्था छैन । आजकलका उच्छृङ्खल विद्यार्थीहरु गुरुको सम्मान गर्न त कता हो कता 'गुरु न सुरु चपरीले पुरुँ' भनेर गाली गर्ने पनि छन् । गुरुले पढाउने बेलामा वास्ता नगर्ने परीक्षामा कडा गऱ्यो भनेर गाली गर्ने विद्यार्थी शैक्षिक संस्थामा प्रशस्त छन् ।

गुरुलाई जति अपमान गरे पनि गुरु शिक्षा विना कसैको पनि व्यवहार राम्रो चल्न सक्तैन । पोखरामा खुलेको पृथ्वीनारायण कलेज हाल पृथ्वीनारायण क्याम्पसका संस्थापक प्रिन्सिपल आदरणीय गुरु जर्ज जोन र गुरुआमा एलियम्मा जोन सबै विद्यार्थीलाई समान व्यवहार र समान माया ममता दिने र विद्यार्थीलाई शिक्षा दिनुमा सदैव हसमुख भई शिक्षा प्रदान गर्ने गुरु र गुरु आमाहरुले पोखरेली शिक्षा प्रेमी, शिक्षक, विद्यार्थी अभिभावक सबैले उहाँहरुलाई गुरु मात्र होइन गुरुका पनि गुरु मान्दै सम्मान गर्दै आएका छौं । उहाँहरुले पोखरा वासीहरुका तीन पुस्तालाई शिक्षा दिनुभयो । आदरणीय गुरु जर्ज जोनको सम्मान गर्ने सन्दर्भमा पोखरामा पृथ्वीनारायण क्याम्पस पोखराका पूर्व क्याम्पस प्रमुख शिक्षासेवी गेहेन्द्रेश्वर कोइरालाको अध्यक्षतामा जर्जजोन प्रतिष्ठान गठन भएको छ । महान् गुरु गुरुहरुका पनि गुरुको यो संस्थाले उहाँको जन्म दिनको पावन अवसरमा भव्य र सभ्य रूपमा गुरुको सम्मान गर्दै आएको छ । आदरणीय गुरु जर्ज जोन र गुरु आमा एलियामा जोन प्रति आज गुरुपूर्णिमाको दिन गुरु दम्पत्तिको दीर्घ जविनको कामना गर्दै शिक्षाप्रेमी सम्पूर्ण पोखरेलीहरुको तर्फबाट हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

जय गुरुदेव ।

# तराईमा गुर्जो रोपिँदै

रासस
काठमाडौं, ८ साउन

मानव शरीरमा रोग प्रतिरोधी क्षमता विकास गर्ने वनस्पति गुर्जो रोपण प्रदेश नं २ र वाग्मती जिल्लामा केन्द्रित गरिएको छ । पहाडमा भन्दा तराइमा पाइने गुर्जोमा औषधीय गुण बढी हुने भएकाले पहाडी जिल्लामा तराईको गुर्जो रोपिएको हो ।

तराईका जिल्लामा भने पहाडमा पाइने गुर्जो रोपण गरिएको अभियानकर्मी कमलबहादुर राजलवटले जानकारी दिनुभयो । वाग्मती प्रदेशका काठमाडौँ, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोकलगायत विभिन्न स्थानमा अभियानका रुपमा गुर्जो रोप्नुभएका अभियानकर्मी राजलवटले यो हप्ता तराईका जिल्लामा रोपण शुरु गर्नुभएको छ । सिन्धुली, धनुषा, महोत्तरी, सिराहालगायतका जिल्लामा गुर्जो रोपण अभियान जारी रहेको उहाँले सुनाउनुभयो । बिहीबार बर्दिवास नगरपालिका-४ का विभिन्न स्थानमा गरी ५०० बोट गुर्जो रोपिएको छ । कार्यक्रममा स्थानीय तहका जनप्रतिनिधिलगायतको सक्रिय सहभागिता थियो । सो अवसरमा गुर्जोबाट बनेको चिया र धुलो पनि वितरण गरियो ।

आन्तरिक राजस्व कार्यालय लाहानमा कार्यालय प्रमुख हुँदा त्यहाँको सरकारी निवासमा गुर्जोको नर्सरी उत्पादन गरी विसं २०७६ चैतदेखिदेखि उहाँले रोप्ने अभियान शुरु गर्नुभएको हो । कोरोनाबाट बच्न जारी बन्दाबन्दीका बेला गुर्जोलगायत जडीबुटीबाट बनेको चिया र धुलो औषधी वितरणलाई पनि राजलवटले अभियानका रुपमा अघि बढाउनुभएको हो । कोरोना लागेकालाई नियमित गुर्जोबाट बनेको चिया र धुलोको सेवनले राम्रो गरेको सेवनकर्ताको अनुभव छ ।

गत वर्ष एक लाख ६० हजारभन्दा बढी गुर्जोका बिरुवा रोप्ने अभियानको नेतृत्व गर्नुभएका राजलवटले त्यति नै सङ्ख्यामा चिया र धुलोका पोका वितरण गर्नुभएको थियो । यस वर्ष पनि १५ हजारभन्दा बढी गुर्जोका बिरुवा रोपण गरिएको जनाइको छ । करिब २० गुर्जोलगायत वनस्पतिबाट बनेको चिया र धुलो यस वर्ष वितरण गरिएको छ । अभियानकर्मी राजलवटले आन्तरिक राजस्व कार्यालय धुलिखेलमा सरुवा भई आएपछि पनि गुर्जोका बिरुवा रोपण एवं चिया र धुलो वितरणलाई निरन्तरता दिनुभएको हो ।

आयुर्वेद शास्त्रले मानिस जुन स्थानमा जन्मन्छ, उसलाई औषधिको काम गर्ने वनस्पति त्यहीँको प्रकृतिमा हुन्छ भन्ने मान्यता राख्छ । यसैगरी प्रत्येक वनस्पतिमा औषधीय गुण हुन्छ तर चिन्ने र संयोजन गर्ने गुण मानिसमा हराउँदै गएकाले विदेशबाट महँगो औषधि किन्न बाध्य हुनुपरेको छ । हाल कौडीको भाउमा जडीबुटीको कच्चा पदार्थ बाहिरिने र महँगोमा वार्षिक अर्बौंको औषधि आयात हुने गरेको छ । यसलाई रोक्न गुर्जोजस्ता जडीबुटीको प्रवर्द्धन गर्ने अभियानमा लागिएको राजलवटले सुनाउनुभयो ।

# शहीदको सम्मानमा मूर्ति निर्माण

पोखरापत्र संवाददाता
तनहुँ, ८ साउन

शुक्लागण्डकी नगरपालिका-२ स्थित हलेदीमा जनयुद्धका शहीदको सम्मानमा प्रतिकात्मक मूर्ति निर्माण गरिएको छ । करिब बीस फिट अग्लो स्तम्भ निर्माण गरेर स्तम्भमाथि बन्दुक बोकेका महिला र पुरुषको प्रतिकात्मक मूर्ति निर्माण गरिएको हो ।

महिलाको साढे पाँच फिट र पुरुषको छ फिटको अग्लो मूर्ति राखिएको छ । शहीदको बलिदानलाई सम्मान गर्दै इतिहासलाई जीवन्त राख्न शहीद स्मृति पार्क संरक्षण समितिका सचिव सोमलाल रिमालले जानकारी दिनुभयो ।

करिब ४३ रोपनी सार्वजनिक जग्गामा शहीद पार्क निर्माण गरिएको छ । उक्त पार्कभित्र विभिन्न जातका फूल तथा बिरुवा रोप्ने कार्यसमेत सम्पन्न भइसकेको छ । स्तम्भ र मूर्तिमा रङरोगनलगायतका काम सम्पन्नपश्चात् अनावरण गर्ने कार्यक्रम रहेको सो समितिले जनाएको छ । यहाँ घर भई विभिन्न स्थानमा गएर शहादत प्राप्त गरेका ६३ शहीद भएका र राज्यबाट १६ व्यक्ति बेपत्ता बनाइएको थियो ।

निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमअन्तर्गत रु २५ लाख र उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयबाट रु पाँच लाख गरी कूल रु ३० लाखको लागतमा प्रवेशद्वार, बाटो, स्तम्भ तथा मूर्ति निर्माणलगायतका कार्य गरिएको शहीद स्मृति पार्क संरक्षण समितिका अध्यक्ष दिनेश गौतमले जानकारी दिनुभयो । शहीदको सम्भनामा पार्क निर्माण गरिएकाले आगामी दिनमा यसको विकासका लागि प्रदेश र सङ्घीय सरकारसँग हातेमालो गर्दै अघि बढ्ने योजना रहेको उहाँले बताउनुभयो ।

महिला र पुरुष गरी दुई व्यक्तिको मूर्ति निर्माण गर्दा चार महिना समय लागेको मूर्तिकार पृथ्वीनारायण श्रेष्ठले जानकारी दिनुभयो । करिब बीस फिट अग्लो स्तम्भ निर्माण गरेपछि उक्त प्रतिकात्मक मूर्ति राख्ने कार्य सम्पन्न भएको उहाँले बताउनुभयो । ढलौटबाट निर्माण गरिएका दुई मूर्ति करिब ३५० किलोग्राम रहेको छ । उहाँले भन्नुभयो, "उक्त मूर्ति तयार गर्दासम्म करिब रु २१ लाख खर्च भएको छ ।" मूर्तिकार श्रेष्ठले यसअघि प्रसिद्ध धार्मिकस्थल छाब्दी बाराही देवीको मूर्ति निर्माण गरिसक्नुभएको छ । साना ठूला गरी हालसम्म करिब १०० को हाराहारीमा मूर्ति निर्माण गरिसकेको उहाँले जानकारी दिनुभयो ।

# केराखेतीमा गवाँरो रोग लागेपछि किसान चिन्तित

पोखरापत्र संवाददाता
म्याग्दी, ८ साउन

हिमाली जिल्ला म्याग्दीका कृषकले गरेको व्यावसायिक केरा खेतीमा गवाँरो रोग लागेर बोट सुकन थालेपछि किसान चिन्तित भएका छन् ।

गत चैतमा पनि खपटे धुन र गवाँरो रोगले क्षति पुऱ्याएको केरा खेती तङ्ग्रिन नपाउँदै पुनः रोग फैलिएपछि यहाँ केरा खेती गरेका कृषक चिन्तित बनेका हुन् ।

पश्चिम म्याग्दीको मङ्गला, मालिका, धौलागिरि गाउँपालिका र बेनी नगरपालिकाको वडा नं २ खबरा, बगरफाँट, वडा नं ४ सिङ्गा, थामडाँडालगायत जिल्लाका विभिन्न क्षेत्रमा गरिएको व्यावसायिक केराखेतीमा किरा र रोगको प्रकोप देखिएपछि किसान मारमा परेका बेनी नगरपालिका-२ बगरफाँटका कृषक दुर्गाबहादुर थापाले बताउनुभयो ।

केरा गाउँको रुपमा परिचय बनाएको बेनी नगरपालिका-२ बगरफाँट गाउँमा खपटे धुन र गवाँरो रोगले सयौँ रोपनी क्षेत्रफलमा लगाएको केराका बोट सुकन थालेका छन् ।

केराखेतीलाई मुख्य आम्दानीको स्रोत बनाएका खबराका चन्द्रबहादुर कार्कीले केराका बोट नपसाउँदै सुकन थालेपछि आफू चिन्तित भएको बताउनुभयो । उहाँले सात रोपनी क्षेत्रफलको जग्गामा केराखेती गर्नुभएको छ । खपटे घुनले केराको बोट सुक्दै जाने र उत्पादन पनि घट्दै गएपछि पेशा सङ्कटमा परेको कृषक कार्कीको भनाइ छ ।

यहाँका किसानले धान फल्ने खेतमा केराखेती शुरु गरेका हुन् । शुरुआती समयमा सामान्य देखिए पनि केही समयपछि भने खपटे घुन र गवाँरोले व्यावसायिक केराखेतीमा ठूलो क्षति पुऱ्याएको उहाँको भनाइ छ ।

बगरफाँट र खबरामा मात्रै ४०० रोपनी क्षेत्रफलमा केराखेती गरिएको छ । केरा बेचेर खबरामा वार्षिक रु ५० लाखभन्दा बढी भित्रिने गरेको छ ।

# बाढीको उच्च जोखिममा जनप्रिय मावि

रासस
मनाङ, ८ साउन

गत जेठ अन्तिममा परेको अविरल वर्षाले जिल्लामा सरकारी, गैरसरकारी तथा व्यक्तिगत संरचनामा क्षति पुगेको छ । हालसालै पनि वर्षा हुनेक्रम जारी रहेकाले बाँकी रहेका संरचनामा क्षति भइरहेको छ ।

लगातारको वर्षाले गर्दा सदरमुकाम चामेस्थित लोकप्रिय माध्यमिक विद्यालय मर्स्याङ्दी नदीमा आएको बाढीको चेपटामा परेको छ । बाढीले ल्याएको काठ, ढुङ्गा र बालुवा मोटेबल पुलमा अड्किँदासमेत प्रशासनले हटाउने प्रयास नगर्दा बस्तीतर्फ कटान भएको स्थानीयवासीको गुनासो छ । विपद्को अवस्थामा समेत विपद् व्यवस्थापन समितिले चासो नदिँदा बस्तीतर्फ बाढी पसेको उहाँहरुको भनाइ छ । बाढीसँगै आएको काठ, ढुङ्गा र बालुवा चामेको मोटरेबल पुलमा अड्किएर बस्तीतर्फ कटान गरेपछि विद्यालय उच्च जोखिममा परेको गाउँपालिकाका अध्यक्ष लोकेन्द्रबहादुर घलेले जानकारी दिनुभयो । बाढीले बस्तीतर्फ कटान गर्न थालेपछि विद्यालयमा बढी क्षति पुगेको उहाँले बताउनुभयो ।

चामेका चार विद्यालयलाई गाभेर आवाससहितको एउटा मात्रै जनप्रिय मावि बनाइएको थियो । विद्यार्थीलाई सहज बनाउनका लागि आवासीय बनाए पनि जनप्रिय बाढीको उच्च जोखिममा रहेकाले समस्या थपिएको उहाँले बताउनुभयो । भौतिक संरचनाले नै व्यवस्थित बनाएको विद्यालय जोखिममा पुगे पनि सरकारको चासो अझैसम्म नपुगेको उहाँ बताउनुहुन्छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाव | तुला | : झमेला बढ्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : कार्यमा सफलता | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : सम्मान मिल्नेछ |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्भनुहोस् ।

## जुस पसल बिक्रीमा

अत्यन्तै चालु अवस्थामा पोखरा-११ फूलबारीमा रहेको जुस सप र किराना पसल तुः बिक्रीमा छ ।

सम्पर्कः
९८४६०८२४६०
९८२६१४३६४९

## तुः आवश्यकता

चालु अवस्थामा पोखरा-११ फूलबारीमा रहेको क्याफेका लागि १ जना वेटर तुः आवश्यकता ।

सम्पर्कः
९८२६१४३६४९

## बिमा लेख हरायो

यहि मिति २०७८/३/२५ गते पोखरा १७ ड्याम साइडदेखि पृथ्वीचोक जाने क्रममा निम्न लिखित व्यक्तिहरुको नाममा रहेको लाईफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको बिमालेख हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाइदिनुहुन अनुरोध छ ।

| | |
|---|---|
| १. छायाँ के.सी. ढकाल | विमा लेख नं.: १३००१७७३६ |
| २. प्रतिक ढकाल | विमा लेख नं.: १३००५९६९७ |
| ३. प्रकृति ढकाल | विमा लेख नं.: १३००५९६९८ |

सम्पर्क नं.: ९८५६०३४०६६

रक्तदान जीवनदान
जीवनदान महादान

# व्यासमा एक हजार २४५ योजना सम्पन्न

**पोखरापत्र संवाददाता**
**दमौली, ८ साउन**

तनहुँको व्यास नगरपालिकाले एक वर्षको अवधिमा एक हजार २४५ योजना सम्पन्न गरेको छ । आर्थिक वर्ष २०७७/७८ मा उपभोक्ता समिति र बोलपत्रमार्फत उक्त योजना सम्पन्न भएको नगरपालिकाले जनाएको छ ।

उपभोक्ता समितिमार्फत एक हजार २०३ योजना सम्पन्न भएका छन् । बोलपत्र प्रक्रियामार्फत ७३ योजना सञ्चालन गरिएकामा ४२ योजना सम्पन्न भएका छन् । बाँकी योजना कोभिड तथा विपद्‌का कारण सम्पन्न हुन नसकेको नगरपालिकाका प्रवक्ता एवं वडाध्यक्ष मोहनकुमार श्रेष्ठले जानकारी दिनुभयो । "कोभिड सङ्क्रमणका कारण केही समय काम पनि रोकियो, विपद्ले पनि काममा असर पर्‍यो", उहाँले भन्नुभयो, "३१ योजना अधुरा छन् ।"

बिहीबार सम्पन्न नगर कार्यपालिकाको बैठकले नगर क्षेत्रभित्र बाढीले पुर्‍याएको क्षति पुनःस्थापन गर्न आफैँले जाली बुन्ने कार्यमा पूर्वाधार तथा योजना शाखालाई जिम्मा दिने निर्णय गरेको छ । नगरपालिकाले नगरप्रमुखको अध्यक्षतामा नगरस्तरीय र वडाध्यक्षको वडाध्यक्षमा वडा विपद् व्यवस्थापन समिति संशोधित ऐनअनुसार पुनःगठन गर्ने निर्णय भएको श्रेष्ठले जानकारी दिनुभयो ।

यसैगरी नगरपालिकाका साविक स्थानीय निकायका कर्मचारीको समायोजन तथा स्तरवृद्धि गरिएकामा बैठकबाट अनुमोदन गर्ने निर्णय भएको छ । नगरपालिकाले व्यास-१० दुम्सी आधारभूत स्वास्थ्य केन्द्रमा २५ शय्याको नगर कोभिड अस्पताल व्यवस्थापन गर्न वडाध्यक्ष तुलसीराम सापकोटाको अध्यक्षतामा पाँच सदस्यीय समिति गठन गरेको छ । साथै सोही अस्पतालमा पिसिआर प्रयोगशालासमेतलाई आवश्यक जनशक्ति करार सेवामा लिन प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा छनोट समिति गठन गरिएको छ । व्यास-७ शेषमटारमा व्यास नगर समता विद्यालय सञ्चालन गर्न सम्बन्धित वडाध्यक्ष शतिषचन्द्र न्यौपानेको अध्यक्षतामा पाँच सदस्यीय व्यवस्थापन समिति गठन गरिएको छ भने कर्मचारी समायोजन एवं स्तरवृद्धिपछि नगरपालिका सङ्गठन संरचनामा संशोधन गर्नुपर्ने भई विशेष नगरसभा बस्नुपर्ने भएकाले संशोधन प्रस्ताव १५ दिनभित्र पेश गर्न उपप्रमुख मीरा जोशीको संयोजकत्वमा प्रस्ताव समिति गठन गरिएको छ ।

यसैगरी शुक्लागण्डकी नगरपालिका-८ ले कोरोनाबाट मृत्यु हुनेका परिवारलाई रु २० हजारका दरले राहत वितरण गरेको छ । विश्वव्यापी महामारीका रूपमा फैलिएको कोरोनाबाट मृत्यु भएका वडाभित्रका परिवारलाई रु २० हजारका दरले राहत वितरण गरिएको हो ।

जनप्रतिनिधिको अध्ययन अवलोकन भ्रमण शीर्षकमा छुट्याइएको रकमबाट कोरोनाले मृत्यु भएका परिवारका सदस्यलाई राहत वितरण गरिएको वडाध्यक्ष कृष्णप्रसाद रेग्मीले जानकारी दिनुभयो । यो वडामा कोरोना सङ्क्रमणबाट १० जनाको मृत्यु भएको थियो । मृतक परिवारको सदस्यको शिक्षादीक्षामा खर्च गर्नेगरी उक्तरकमप्रदान गरिएको रेग्मीले बताउनुभयो । सबैलाई बैंक खातामार्फत रकम पठाइएको छ । "कोरोना कहरले जनतालाई आक्रान्त बनाइरहेका बेला अध्ययन भ्रमणमा जानु उचित ठानेनौँ । थोरै भए पनि राहत हुने भएकाले कोरोनाले सदस्य गुमाएका परिवारको राहतमा खर्चियौँ", उहाँले भन्नुभयो ।

अनुगमन अध्ययन भ्रमण शीर्षकमा वडाले रु एक लाख ५० हजार विनियोजन गरेको थियो । पशुधन सुरक्षण शीर्षकबाट बचत भएको रु ५० हजार गरी रु दुई लाख वितरण गरिएको हो । कोरोना नियन्त्रणमा यहाँका जनप्रतिनिधिले जनताको मन जितेका थिए । यहाँका जनप्रतिनिधि कोरोना सङ्क्रमितको आत्मबल बढाउन घर-घरमा पुग्ने गरेका थिए ।

# किरिया खर्चसहित मजदुरको शव तीन दिनपछि आफन्तलाई जिम्मा

**पोखरापत्र संवाददाता**
**बागलुङ, ८ साउन**

यही साउन ४ गते साँझ मदिरा सेवनपछि बिरामी परेर मृत्यु भएका मजदुरको शव तीन दिनपछि परिवारको जिम्मा लगाइएको छ । काजकिरिया खर्चसहित उनीहरूको शव परिवारको जिम्मा लगाइएको हो ।

परिवारलाई गलकोटको मल्ममा सञ्चालनमा रहेको बृहत् खानेपानी आयोजनाले काजकिरिया खर्च उपलब्ध गराएको हो । "तत्कालका लागि किरिया खर्च दिने सहमति भयो", छलफलमा सहभागी चन्द्रबहादुर थापा 'शिखर'ले भन्नुभयो, "राहत होइन तत्कालीन खर्च दिइएको हो, खानेपानी उपभोक्ता समितिले बेहोर्ने गरी तत्काल स्थानीयवासीसँग भएको नगद उठाएर पठाएका छौँ ।"

रोल्पाबाट शव बुझ्नका लागि बागलुङ आएका मृतक मजदुर परिवारका सदस्यले प्रहरीमा जाहेरी दिएपछि शव परीक्षण गरेर परिवारको जिम्मा लगाइएको प्रहरी उपरीक्षक कृष्णबहादुर पल्लीमगरले बताउनुभयो । साउन ४ गते सोमबार साँझ स्थानीय एक पसलबाट ल्याएको मदिरा, चाउचाउ तथा दालमोठ खाएपछि बिरामी परेका चार जनाको साउन ५ गते मङ्गलबार बिहान मृत्यु भएको थियो । दुई जना गम्भीर बिरामी मजदुरको पोखरास्थित मणिपाल शिक्षण अस्पतालमा उपचार भइरहेको छ ।

मृतकका परिवारलाई प्रतिमृतक रु एक लाखका दरले काजकिरिया खर्च उपलब्ध गराइएको हो । मृतक चारै जनाको रोल्पामा सामूहिक दाहसंस्कार हुने भएको छ । परिवारका सदस्यले रोल्पामै दाहसंस्कार गर्ने निर्णय गरेको रोल्पाको सुनिल स्मृति गाउँपालिका-५ का वडाध्यक्ष नमराज थापाले बताउनुभयो ।

शव परीक्षणपछि भिसेरा र खाना तथा मदिरा विधि विज्ञान प्रयोगशाला पठाइएको छ । रिपोर्ट आएपछि राहत तथा कारवाहीको विषयमा थप छलफल हुने प्रहरीले जनाएको छ ।

# लक्ष्यभन्दा ५७ प्रतिशत बढी राजस्व सङ्कलन

**पोखरापत्र संवाददाता**
**गलकोट, ८ साउन**

आन्तरिक राजस्व कार्यालय बागलुङले गत आर्थिक वर्षमा लक्ष्यभन्दा ५७ प्रतिशतभन्दा बढी राजस्व सङ्कलन गरेको छ ।

कार्यालयले गत आर्थिक वर्षमा रु ८६ करोड २० लाख छ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य लिएकोमा सो अवधिमा रु एक अर्ब ३५ करोड ५५ लाख ६८ हजार राजस्व सङ्कलन गरेको छ । यो लक्ष्यको तुलनामा ५७ दशमलव २६ प्रतिशत बढी हो ।

सङ्कलित कूल राजस्वमध्ये आयकरतर्फ ४८ दशमलव ७७ प्रतिशत अर्थात् रु ७९ करोड सात लाख ९१, बहाल करतर्फ ११ दशमलव४७ प्रतिशत अर्थात् रु दुई करोड ५० लाख ७७ हजार, ब्याजकरतर्फ १७ दशमलव ३४ प्रतिशत अर्थात् रु नौ करोड ६७ लाख ५७ हजार, मूल्यअभिवृद्धि करतर्फ ९८ दशमलव ४ प्रतिशत अर्थात् रु ४१ करोड ७६ लाख ७८ हजार र अन्तःशुल्कतर्फ ९८ दशमलव ३५ प्रतिशतअर्थात् रु दुई करोड ४० लाख ९३ हजार सङ्कलन भएको आन्तरिक राजस्व कार्यालयका प्रमुख जनकराज शर्माले जानकारी दिनुभयो ।

उहाँका अनुसार रु २१ करोड ५४ लाख बक्यौता र राजस्व सम्भाव्यता क्षेत्रको अनुगमन तथा कर कानूनको प्रभावकारी कार्यान्वयन हुँदा लक्ष्यभन्दा बढी राजस्व सङ्कलन भएको छ । गत आर्थिक वर्षमा स्वास्थ्य सेवा करतर्फ रु एक लाख ८७ हजार र शिक्षा सेवा शुल्कतर्फ रु ८६ हजार सङ्कलन भएको कार्यालयले जनाएको छ ।

यस्तै, गत आवमा आन्तरिक राजस्व कार्यालय बागलुङले तीन हजार ४४० व्यावसायिक करदाता, चार हजार ९१२ व्यक्तिगत करदाता र ४२ जना अग्रिम कर कट्टी गरी जम्मा आठ हजार ३९४ करदाता थपिएका छन् । तीमध्ये २०१ जना मूल्य अभिवृद्धि करमा र १५० जना अन्तःशुल्कमा थपिएको कार्यालय प्रमुख शर्माको भनाइ छ ।

आयकरतर्फ रु १५ करोड ९१ लाख ३८ हजार, मूल्य अभिवृद्धि करतर्फ रु पाँच करोड ६२ लाख ८९ हजार गरी कूल रु २१ करोड ५४ लाख १५ हजार बक्यौता असुली भएको छ ।

कार्यालयले गत आवमा कूल ६३ करदाताको छानबिन, परीक्षण र अनुसन्धान गरी आयकरतर्फ रु दुई करोड ७६ लाख ५४ हजार तथा मूल्य अभिवृद्धि करतर्फ रु पाँच करोड ३५ लाख पाँच हजार थप कर निर्धारण गरिएको छ । यस्तै, १०२ करदाताको द्रुत छानबिनबाट रु ३५ लाख ७९ हजार कर असुल तथा १८२ करदाताको अनुगमनबाट रु तीन लाख पाँच हजार जरिवाना सङ्कलन गरिएको छ ।

उक्त अवधिमा सात हजार ३८ करदाताको विवरण अद्यावधिक तथा एक हजार १५३ करदाताको बायोमेट्रिक रजिस्ट्रेशन र १० वटा करदाता शिक्षा कार्यक्रम गरिएको कार्यालयले छ ।

# सचेतनाका लागि सडकका मुख्य चोकमा ट्राफिक डमी

**पोखरापत्र संवाददाता**
**बागलुङ, ८ साउन**

जिल्लामा पहिलोपटक नमूना (डमी) ट्राफिक प्रहरी स्थापना गरिएको छ ।

बजारमा जनचेतनाका लागि डमी ट्राफिक प्रहरी स्थापना गरिएको हो । टाढाबाट हेर्दा दुरुस्तै ट्राफिक प्रहरीजस्तै देखिने डमीले चालकलाई सचेत गराउने छ ।

डमी देखेपछि चालकले सवारीसाधनको गति नियन्त्रण गर्ने भएकाले दुर्घटना कमी गर्न सहज हुने ट्राफिक प्रहरी प्रमुख बद्री शर्मा तिमिल्सिनाले बताउनुभयो । जिल्लामा दुर्घटना न्यूनीकरणका लागि ट्राफिक प्रहरीले थालेको अभियानमा सघाउ पुग्ने उहाँले विश्वास व्यक्त गर्नुभयो । जनशक्ति पनि कम भएकाले ट्राफिककै आकृतिमा डमी राखिएको हो । चालकलाई मनोवैज्ञानिक प्रभाव पार्ने र सर्वसाधारण समेत ट्राफिक प्रहरीले दिनरात सेवा दिइरहेको अनुभूति गराउनकै लागि डमीको प्रयोग गरिएको तिमिल्सिनाले बताउनुभयो ।

ट्राफिक प्रहरीले बागलुङ उद्योग वाणिज्य सङ्घ, रोटरी क्लब र समाजसेवी शिव आचार्यको सहयोगमा डमी राखेको हो । डमीमा आवश्यकताअनुसारका सूचना पनि राख्न सकिने छ । "सवारी चालक तथा सर्वसाधारणलाई डमी देख्दा वित्तिकै ट्राफिक प्रहरीको झल्को आउने छ", प्रमुख जिल्ला अधिकारी शिवकुमार कार्कीले भन्नुभयो ।

जिल्लामा अहिले २९ ट्राफिक प्रहरीको दरबन्दी छ । सबै दरबन्दीमा जनशक्ति भने छैन । एक जनाले दैनिक २०० बढी सवारीको निगरानी गर्नुपर्ने अवस्था रहेको तिमिल्सिनाले बताउनुभयो । डमी सन्देश दिने नमूना प्रहरी भएको जिल्ला प्रहरी प्रमुख कृष्णबहादुर पल्लीमगरले बताउनुभयो । सदरमुकामका अति व्यस्त सडक बाघ चोक, गोल्डेन गेटचोक र ट्राफिक चोकमा गरी तीन डमी राखिएको छ ।

आवश्यकताअनुसार जिल्लाका अन्य ठाउँमा डमी राखिने ट्राफिक प्रहरीले जनाएको छ । गल्कोट नगरपालिकाको हटिया बजार क्षेत्र र ढोरपाटन नगरपालिकाको बुर्तिबाङ बजारमा पनि केही समयमा डमी राखिने योजना बनाइएको ट्राफिक प्रहरीले जनाएको छ ।

# लक्ष्यित राजस्व सङ्कलनमा तनहुँ सफल

**पोखरापत्र संवाददाता**
**दमौली, ८ साउन**

आन्तरिक राजस्व कार्यालय तनहुँले लक्ष्यको ९९.२५ प्रतिशत राजस्व सङ्कलन गर्न सफल भएको छ ।

कोरोना कहर र निषेधाज्ञाका बाबजुद पनि कार्यालयले आफ्नो लक्ष्य भेटाएको हो । आर्थिक वर्ष ०७७/७८ मा कार्यालयले रु आठ अर्ब ५० करोड २६ लाख ६१ हजार राजस्व सङ्कलन गरेको प्रमुख कर अधिकृत डा नारायण ढकालले जानकारी दिनुभयो । कार्यालयले उक्त आवमा रु आठ अर्ब ५६ करोड ६८ लाख ३७ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य राखेको थियो ।

"विषम् परिस्थितिका बाबजुद पनि लक्ष्य नजिक राजस्व सङ्कलन भएको छ", उहाँले भन्नुभयो, "कोरोना कहर र निषेधाज्ञा नभएको भए झन बढी राजस्व सङ्कलन हुन्थ्यो ।" उहाँका अनुसार निषेधाज्ञाका कारण बढी कर तिर्ने उद्योग बन्द हुँदा राजस्व सङ्कलनमा केही कमी आएको हो ।

तनहुँमा सबैभन्दा बढी सूर्य नेपाल प्रालिले कर तिर्दै आएको छ । कार्यालयले यस अवधिमा आयकरतर्फ रु एक अर्ब ५० करोड छ लाख २० हजार, घरबहाल करतर्फ रु पाँच करोड ३७ लाख ४२ हजार, ब्याजतर्फ रु आठ करोड चार लाख ४५ हजार, मूल्यअभिवृद्धि करतर्फ रु ५९ करोड ४८ लाख ८१ हजार, अन्तशुल्कतर्फ रु पाँच अर्ब एक करोड १९ लाख ९२ हजार, स्वास्थ्यतर्फ रु एक अर्ब ७१ करोड सात लाख ९४ हजार र शिक्षातर्फ रु एक लाख ८७ हजार राजस्व सङ्कलन गरेको छ । आयकरतर्फ रु एक अर्ब ३५ करोड ५३ लाख ५१ हजार ८००, घरबहाल करतर्फ रु पाँच करोड ९४ लाख ५६ हजार, ब्याजतर्फ रु सात करोड ९२ लाख ८३ हजार, मूल्यअभिवृद्धि करतर्फ रु ४६ करोड ४८ लाख ६९ हजार, अन्तशुल्कतर्फ रु पाँच अर्ब ६५ करोड २४ लाख ४४ हजार, स्वास्थ्यतर्फ रु ९५ करोड २६ लाख २२ हजार र शिक्षातर्फ ४६ लाख ४४ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य थियो । कार्यालयले मूल्यअभिवृद्धितर्फ लक्ष्यको १२७.९७, ब्याजतर्फ १०१.४७ र स्वास्थ्यतर्फ १७९.५० प्रतिशत बढी राजस्व सङ्कलन गरेको छ भने अन्यतर्फ करिब लक्ष्य नजिक राजस्व सङ्कलन गरेको प्रमुख कर अधिकृत ढकालले बताउनुभयो । उहाँका अनुसार असार महिनामा मात्रै रु एक अर्ब २२ करोड ९२ लाख २० हजार राजस्व सङ्कलन भएको थियो ।

वैशाख २२ गतेदेखि तनहुँमा निषेधाज्ञा जारी गरी सेवा प्रवाह बन्द गरिएकामा असार २० गते कार्यालय सुचारु भएको थियो । कार्यालयले गत आर्थिक वर्ष ०७६/७७ मा रु सात अर्ब ३५ करोड दुई लाख ५६ हजार राजस्व सङ्कलन गरेको थियो । उक्त वर्ष कार्यालयले रु आठ अर्ब ६० करोड ९६ लाख ५९ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य राखेकामा ८५.३७ प्रतिशत मात्र राजस्व सङ्कलन भएको थियो ।

कार्यालयले तनहुँसहित लमजुङ, गोरखा र मनाङको असुली गणना, लेखापरीक्षण र अनुसन्धानको काम गर्दै आएको छ । यद्यपि गत वर्षदेखि गोरखा र लमजुङमा करदाता सेवा कार्यालय स्थापना भएको छ । मनाङका करदाताले लमजुङबाट कर तिर्न सक्ने व्यवस्था मिलाइएको छ । उक्त दुई जिल्लामा करदाता सेवा कार्यालय नहुँदा त्यहाँका करदाताले पनि दमौलीमै आएर कर तिर्नुपर्ने बाध्यता थियो ।

कार्यालयमा एक वर्षको अवधिमा व्यावसायिक र व्यक्तिगत गरी कूल १८ हजार ३३६ करदाता थपिएका छन् । व्यावसायिकतर्फ नौ हजार ३३५ र व्यक्तिगततर्फ नौ हजार एक करदाता थपिएको प्रमुख कर अधिकृत ढकालले बताउनुभयो । कार्यालयमा हालसम्म व्यावसायिकतर्फ ४१ हजार ८०९ र व्यक्तिगततर्फ ३२ हजार ६४१ करदाता छन् ।

कार्यालयले करको दायरामा नआएका करदातालाई करको दायरामा ल्याउन करदाता शिक्षा कार्यक्रम र करदातासँग अन्तर्क्रिया कार्यक्रम गर्दै आएको छ । "उद्योग वाणिज्य सङ्घ, चेम्बर अफ कमर्सको सहकार्यमा त्यो काम हुँदै आएको छ", उहाँले भन्नुभयो ।

# सामाजिक सञ्जालमार्फत रकम जुटाएर एम्बुलेन्स सञ्चालन

**पोखरापत्र संवाददाता**
**वाग्लिङ, ८ साउन**

सामाजिक सञ्जालमार्फत सङ्कलन भएको रकमबाट यहाँका एक संस्थाले एम्बुलेन्स सञ्चालनमा ल्याएको छ ।

स्याङ्जाको गल्याङ नगरपालिका-११ स्थित आलमदेवी सामुदायिक परोपकार मञ्च तुलसीभञ्ज्याङ (आसा) ले सामाजिक सञ्जालमार्फत सङ्कलन भएको रकमबाट सुविधासम्पन्न एम्बुलेन्स बिहीबारदेखि सञ्चालनमा ल्याएको हो ।

सवारी साधनको अभावकै कारण अकालमै कोही कसैले पनि ज्यान गुमाउन नपरोस् भन्ने उद्देश्यले हाल जापानमा बस्दै आउनुभएका स्थानीय खेम जिसीले अगाडि सारेको परिकल्पनालाई मूर्तरुप दिने गरी संस्थागतरुपमा अगाडि बढिएको आसाका कोषाध्यक्ष देवेन्द्रदेव खनालले बताउनुभयो । तुलसीभञ्ज्याङसहित आसपासका इच्छुक दाता तथा यहाँबाट रोजगारीका सिलसिलामा विदेशी भूमिमा रहेका नेपालीको स्वतःफूर्त सहयोगमा एम्बुलेन्स खरिद गरी सञ्चालनमा ल्याइएको कोषाध्यक्ष खनालको भनाइ छ ।

नेपाल सरकारद्वारा राजस्व छुटमा रु नौ लाख ५६ हजारको लागतमा महिन्द्रा कम्पनीको बोलेरो पिकअप एम्बुलेन्स खरिद गरी आवश्यक अक्सिजन सिलिण्डर जडान, सिट मर्मत, बीमासहित झण्डै तेह्र लाखको खर्चमा सञ्चालनमा ल्याइएको उहाँले बताउनुभयो । "विशेष गरी तुलसीभञ्ज्याङका जिमुहालगायत ठाउँबाट आवश्यक मात्रामा सवारी साधन नपाइने समस्या रहेको छ", कोषाध्यक्ष खनालले भन्नुभयो, "कोही बिरामी भएर अप्ठ्यारोमा परेका बेला स्वास्थ्य संस्थासम्म पुर्‍याउनका लागि एम्बुलेन्स सेवाको शुरुआत गरेका हौँ ।"

एम्बुलेन्स सेवा सञ्चालनमा आएसँगै गल्याङ नगरपालिकाका ११, ९, ३ तथा पाल्पाको रम्भा गाउँपालिका र रामपुर नगरपालिकाका केही वडाका बिरामीलाई सहज भएको उहाँको भनाइ छ । सामाजिक सञ्जालमार्फत सङ्कलन भएको रकमबाट एम्बुलेन्स खरिद गरि एसँगै अब यसको सञ्चालनका लागि आवश्यक कोष स्थापना गर्ने तयारी भएको छ ।

एम्बुलेन्स सञ्चालन तथा मर्मतका लागि स्थानीय पालिकाले सहयोग गर्ने प्रतिबद्धता जनाएको छ भने कोष वृद्धिका लागि एक घर-एक सदस्य बनाउने अभियान पनि अगाडि सारिएको कोषाध्यक्ष खनालले बताउनुभयो । "एम्बुलेन्स सेवाको शुरुआतसँगै विशेष गरी गर्भवती महिलालाई स्वास्थ्य चेकजाँच गर्न तथा सुत्केरी हुने समयमा अस्पताल पुग्नसमेत सहज हुने आसाका सञ्चार भएको संयोजक टीकाराम अधिकारीले बताउनुभयो । गाउँ गाउँमा आवश्यकपरेका बेलासवारी साधन पाउन समस्या हुने र भाडा पनि धेरै हुने भएकाले सहुलियत दरमा एम्बुलेन्स सेवा सञ्चालन गरिएको उहाँको भनाइ छ । गल्याङ नगरपालिकानअन्तर्गतको गल्याङ नगर अस्पतालसँग समन्वय र सम्झौता गरी अस्पतालको दररेटअनुसार सेवा दिइने उहाँले बताउनुभयो । एम्बुलेन्स सेवाको शुरुआत गरेसँगै गाउँका नागरिकले सहज, सरल सस्तो भाडादरमा सेवा प्राप्त गर्न पाउने भएपछि खुशी भएका छन् ।

# मध्यम तथा लामो दूरीका सवारी चल्ने

**रासस**
**काठमाडौं, ८ साउन**

सरकारले उपत्यकामा मध्यम तथा लामो दूरीका सवारी साधनसमेत सञ्चालन गर्ने निर्णय गरेको छ ।

यसअघि स्थानीय प्रशासनबाट आन्तरिकरूपमा र काम विशेषले आएका सवारीलाई उपत्यका भित्र प्रवेश गर्न दिइने निर्णय भएको थियो । सरकारको निर्णयसँगै अब भने स्वास्थ्य सुरक्षा मापदण्डको पालना गरेर सबै सवारी सञ्चालन गर्न पाइने छ । नेपाल सरकार (मन्त्रिपरिषद्)को यही साउन ४ को निर्णयअनुसार यातायात सञ्चालनको व्यवस्था मिलाउन जिल्ला प्रशासन कार्यालय काठमाडौँले यातायात व्यवसायीलाई अनुरोध गरेको छ ।

काठमाडौँ प्रशासनले आज एक विज्ञप्ति जारी गरी मन्त्रीपरिषद्को निर्णयानुसार त्रिभुवन विश्वविद्यालय तथा लोकसेवा आयोगलगायतका निकायबाट परीक्षाका कार्यक्रम सार्वजनिक भएकाले देशका विभिन्न भागबाट परीक्षार्थी आउने तथा सर्वसाधारणको आवतजावतसमेतलाई सहज बनाउन यातायातका साधन सञ्चालन गर्न अनुरोध गरिएको हो ।

प्रशासन कार्यालयले अनिवार्यरूपमा टिकट काटेर मात्रै यात्रा गर्न पनि अनुरोध गरेको छ । विज्ञप्तिमा नेपाल सरकारले जारी गरेको मापदण्डको पूर्ण कार्यान्वयन गर्न भनेको छ ।